# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np


प.सं.

मिति: २०७८/०७/२९


**केन्द्रीय कार्यसमिति**
(२०७६-२०७९)

**अध्यक्ष**
चण्डेश्वर श्रेष्ठ

**उपाध्यक्ष**
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

**महासचिव**
लीलामणि पौडेल

**कोषाध्यक्ष**
रुद्र प्रसाद पोखेल

**सचिव**
मनोजकुमार चौधरी

**सदस्य**
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी


## प्रेश विज्ञप्ती

नेपाल बार एशोसिएशनले न्यायपालिकाको विकृति, विसंगती, विचौलिया, भ्रष्टाचार नियन्त्रण गरि न्यायपालिकाको सुद्धीकरण र सुदृढिकरणको लागि वर्तमान प्रधान न्यायाधीश वाधक देखिएकोले उहाँको राजीनामा माग गरिएको र बेन्च नतोक्न र नवस्न माग गरि शान्तिपूर्ण विरोध कार्यक्रम गरिआएको व्यहोरा विदितै छ । हाम्रो विरोध कार्यक्रम देश भर सफलताका साथ सम्पन्न भएका छन् । उहाँको राजीनामा नआए सम्म भोलिका दिनमा पनि विरोध कार्यक्रमहरु जारी नै रहने व्यहोरा पनि जानकारी गराउँदछौं । आज सर्वोच्च अदालत प्राङ्गणमा भएको शान्तिपूर्ण विरोध कार्यक्रममा सर्वोच्च अदालत प्रशासनले प्रहरी प्रशासन परिचालन गरि हाम्रा कानून व्यवसायीहरुका खुट्टामा लाठी र बुटबाट प्रहार गरी घाइते बनाइएको छ । नेबाएका उपाध्यक्ष अधिवक्ता सुरेन्द्र थापा मगर तथा काठमाण्डौं जिल्ला अदालत बार एकाई कार्य समितिका सदस्य अधिवक्ता वीरेन्द्र पाठक घाइते हुनु भएको र हाम्रो माइक खोसिएको अवस्था छ । यसको घोर भर्त्सना गर्दछौं । कानून व्यवसायीहरुको शान्तिपूर्ण विरोध कार्यक्रममा अदालत प्राङ्गणमा सयौं सशस्त्र प्रहरी राखी अदालतलाई प्रहरी व्यारेक जस्तो बनाउने र प्रहरीको वलमा अदालत प्रवेश गरी आफूलाई सम्मानित र सम्माननीय छु भन्ने दम्भ प्रदर्शन गरिनु घोर लज्जा र आपत्ती जनक विषय रहेको छ । तसर्थ, यस्तो रवैयाले हाम्रो विरोध कार्यक्रमको उपादेयता थप पुष्टी भएको छ ।

यसै बिच नेपाल आयल निगमले दैनिक उपभोगका सामाग्रीमा समेत मूल्य वृद्धि हुने गरी पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरि आम नागरिकलाई महंगीको भार वोकाएको विषयमा पनि हामी विरोध जनाउँदछौं । यसै विषयलाई लिएर भोलि मिति २०७८।०७।३० गतेका दिन नेपाल कम्यूनिष्ट पार्टी (विप्लव)ले भोलि नेपाल बन्दको कार्यक्रम राखेको भए पनि कानून व्यवसायीहरुको शान्तिपूर्ण कार्यक्रममा सहभागी हुन कालो कोट, बारको लोगो र परिचय पत्र सहित बार एशोसिएशन र अदालतमा उपस्थित हुने कानून व्यवसायीहरुलाई कुनै रोकथुन अवरोध नगर्ने भन्ने अनौपचारिक जानकारी सहमती भएकोले सर्वोच्च अदालत लगायत देशभरका सबै कानून व्यवसायीहरुलाई कुनै अवरोध नहुने, नरहने भएकोले सम्पूर्ण कानून व्यवसायीहरुलाई भोलि मिति २०७८।०७।३० का दिन नेबाए र एकाईहरुबाट गरिने कार्यक्रमहरुमा विनाहिचकिचाहट सक्रियतापूर्वक उपस्थित र सहभागी हुन समेत हार्दिक आह्वान समेत गर्दछौं ।

यहाँको निरन्तर सहयोग र सद्भावकालागि हार्दिक धन्यवाद ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव